# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### पुनर्निर्माणका लागि आत्मविश्वास आवश्यकः गभर्नर डा. नेपाल




गभर्नर डा. चिरंजीबि नेपालले Independent Business News द्वारा आयोजित "Post Earthquake Financial Solution to Nepal" विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा जेठ २२ गते मन्तव्य व्यक्त गर्नुभयो । प्राकृतिक विपद्‌बाट प्रभावित जनतालाई राहत दिन तथा जनजीवन र अर्थतन्त्रलाई सामान्य अवस्थामा ल्याउन विभिन्न मुलुक र समयमा विभिन्न नीति र कार्यक्रम लागु गरिएको जानकारी दिनुहुँदै एउटै नीति र कार्यक्रमको प्रभावकारिता मुलुक अनुसार फरक रहेको देखिएकोले आफ्नो मुलुक सुहाँउदो नीति र कार्यक्रम तर्जुमा गर्नुपर्ने धारणा उहाँले राख्नुभयो । सरकार सुदृढ र सक्षम रहेको वर्तमान अवस्थामा राहत, पुनर्निर्माण र पुनरस्थापनाको काम सरकारकै नेतृत्वमा हुनुपर्ने उहाँको धारणा थियो ।

भूकम्पपछि पनि बैंक तथा वित्तीय संस्थाहरुले बैंकिङ सेवा नियमित रुपमा दिएकोमा सह्राहना गर्दै गभर्नर डा. नेपालले बीमा व्यवसायको विकास हुँदै जाने धारणा व्यक्त गर्नुभयो । बैंक तथा वित्तीय संस्थाहरुले यस अवस्थामा आफ्ना ग्राहकका लागि विशेष वित्तीय उपकरण प्रयोगमा ल्याउन आग्रह गर्दै आवश्यकता अनुसार केन्द्रीय बैंक नियमन व्यवस्थामा परिमार्जन गर्न तयार रहेको जानकारी उहाँले दिनुभयो । निजी क्षेत्र मैत्री सरकारी नीतिका कारण नै केन्द्रीय बैंकले समेत भूकम्प पीडितलाई प्रदान गरिने आवास कर्जामा शून्य ब्याजदरमा पुनरकर्जा प्रदान गर्ने नीति लिएको जानकारी दिँदै उहाँले यस व्यवस्थाको उपयोग गर्न आह्‌वान गर्नुभयो । आगामी मौद्रिक नीतिमा समेत यस विपद्‌को व्यवस्थापनका लागि आवश्यक परे थप नीतिगत व्यवस्था गरिने जानकारी समेत उहाँले दिनुभयो । उपभोक्ता र उद्यमीको आत्मविश्वास फर्काउन सके यस असहज परिस्थितिको चाँडै अन्त हुने धारणा उहाँले राख्नुभयो ।

नेपालको यातायात, संचार, विद्युतगृह जस्ता भौतिक पूर्वाधार तथा महत्वपूर्ण कृषि र औद्योगिक क्षेत्र भूकम्पको असरबाट जोगिन सकेकाले आर्थिक अवस्थामा गम्भीर असर नपर्ने र आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहने जानकारी दिँदै गभर्नर डा. नेपालले निर्माण क्षेत्रको विकास हुने तथा सरकारी सहयोगबाट कृषि र पर्यटनमा पनि सुधार आउने धारणा राख्नुभयो । आयात तथा आपूर्तिजन्य अवरोधका कारण मूल्यमा भने केही चाप पर्नसक्ने जानकारी उहाँले सो कार्यक्रममा दिनुभएको थियो ।

बैंकर्स संघको सहकार्य तथा नेपाल उद्योग वाणिज्य महासंघ र बीमा समितिको सहयोगमा सञ्चालित सो कार्यक्रममा बैकिङ, बीमा, उद्योग र वाणिज्य क्षेत्रका लब्धप्रतिष्ठित महानुभावहरुको उपस्थिति रहेको थियो ।

**२०७२ जेठ २२, शुक्रबार** **गभर्नरको कार्यालय**